# भस्मासुरको नलीहाड नाटकका पात्रमा विसङ्गति

**ठाकुरप्रसाद पोखेल, विद्यावारिधि**

सह प्राध्यापक

नेपाली विभाग

मेची बहुमुखी क्याम्पस, झापा, त्रिभुवन विश्वविद्यालय, नेपाल

tpokhrel16@gmail.com

**https://doi.org/10.3126/dristikon.v14i1.66075**

## लेखसार

भस्मासुरको नलीहाड नाटकका पात्रमा विसङ्गति शीर्षकको लेख ध्रुवचन्द्र गौतमद्वारा रचित नाटकमा केन्द्रित छ। यो नाटक पुराणमा वर्णित भस्मासुर दैत्यले शिवबाट वरदान प्राप्त गरेपछि त्यसको हातले शिवलाई समेत आतङ्कित बनाएको र केही समयपछि उसको आफ्नै शिरमा पुग्दा मृत्यु भएको प्रसङ्गमा आधारित छ। वर्तमान युगमा पनि नलीहाडको स्वरूपले मानिसहरूलाई आतङ्कित बनाएको छ। नाटकमा नलीहाडबाट जनावर, मानिस सबैको जीवनलीला समाप्त गरेको बुझेर पात्रहरू त्रसित बनेका छन्। जीवनमा सुख, सन्तुष्टिको चाहना भएकाहरूले अस्तित्वशाली बन्ने लक्ष पूर्ति गर्न सत्ता र शक्तिका निम्ति सङ्घर्ष गर्दा प्राप्त उपलब्धीसमेत समाप्त हुन पुगेको घटना विनयका माध्यमबाट प्रस्तुत भएको छ। सत्ता प्राप्तिका लागि मानिसहरू अघि बढिरहे पनि जीवन सोचेअनुसार हुँदैन। पौराणिक समयदेखि आजसम्म मानिस कहिल्यै शक्तिसम्पन्न बन्न सकेन, उसको सबै प्रयास विफल र निरर्थक हुन्छ भन्ने प्रसङ्ग देखाइएको छ। विश्लेषणका क्रममा विषय-परिचय, अध्ययनको विधि, विसङ्गतिवादको सैद्धान्तिक पर्याधार, भस्मासुरको नलीहाड नाटकको विश्लेषणजस्ता उपशीर्षकको प्रयोग गरिएको छ। प्रस्तुत नाटकभित्र प्रयुक्त विसङ्गत पात्रका जीवनमा देखापरेका जटिलताको चित्रण रहेको छ। पात्रहरू के कस्तो व्यवहार गर्दछन् भन्ने प्रसङ्गसहित कठोर अवस्थामा बाँचेकाहरूको जीवन विसङ्गत बनेको छ भन्ने निष्कर्ष निकालिएको छ।

*शब्दकुञ्जी* : असङ्गत, अस्तित्वहीन, निस्सार, विनाश, शून्यता

## विषयपरिचय

भस्मासुर दैत्यको नलीहाडलाई विषय बनाएर रचना गरिएको यो नाटक विसङ्गतियुक्त रहेको छ। व्यक्ति आन्तरिक योग्यता र क्षमतालेभन्दा पनि बाह्य शक्तिका आडमा आफूलाई सक्षम देखाउने गर्दछ। स्वार्थ पूरा गर्नखोज्दा आफ्नै जीवन समाप्त हुन पुग्दछ भन्ने पौराणिक प्रसङ्मा आधारित छ। जसका शिरमा राख्यो त्यसैको मृत्यु हुने वरदानप्राप्त हात आफ्नै शिरमा पुग्दा भस्म भएको कथाअनुसारको नलीहाडले वर्तमान युगमा पनि आतङ्क मच्चाएको छ।

प्रस्तुत नाटकमा त्रसित, भयग्रस्त जीवनको चित्रण रहेको पाइन्छ। ध्रुवचन्द्र गौतमका त्यो एउटा कुरा(२०३०), भस्मासुरको नलीहाड(२०३७), द्वन्द्व (२०३९), समानान्तर(२०४२) जस्ता नाटकहरू प्रकाशित छन्। मानिस आफू सत्ता, शक्तिमा रहँदा सर्वसाधारणलाई अस्तित्वरहित ठान्दछ। ऊ सधैं यस्तै शक्तिमा रहिरहन्छु भन्ने ठानेर अन्याय, अत्याचार, हत्या-हिंसातर्फ उत्प्रेरित हुने गर्दछ भन्ने प्रसङ्ग रहेको छ। भस्मासुरको नलीहाड नाटकका पात्रहरू अभाव आतङ्कको पीडा भोग्न बाध्य भएका छन्। मानिस सत्ता प्राप्त गर्न प्रयास गरिरहन्छ। अरूको

सहारामा शक्तिशाली बने पनि ऊ विरोधी र सर्वसाधारणका लागि आतङ्कका रूपमा देखापर्दछ । यो नाटक सबै मानिसले आफूलाई अस्तित्वशाली भएको सोचे पनि जीवनयात्रा सधैं विसङ्गत अवस्थामा रहेर समाप्त हुन्छ भन्ने प्रसङ्गमा केन्द्रित छ ।

**समस्याकथन तथा उद्देश्य**

प्रस्तुत लेख ध्रुवचन्द्र गौतमद्वारा रचित भस्मासुरको नलीहाड नाटकमा विसङ्गति भन्ने शोध समस्यामा केन्द्रित रहेको छ । यस नाटकलाई आधार सामाग्रीका रूपमा लिई तयार गरिएको यस लेखमा विसङ्गतिवादी सिद्धान्तअन्तर्गत पात्रहरूको कारुणिक जीवनलाई केन्द्र मानिएको छ । "भस्मासुरको नलीहाड नाटकका पात्रमा विसङ्गति" यो लेखको मुख्य समस्या हो । यसै समस्याभित्र रहेर नाटक विश्लेषणका निम्ति निम्नलिखित शोध प्रश्नलाई आधार बनाइएको छ-

-नाटकका पात्रमा विसङ्गति के कस्तो रहेको छ ?

उपर्युक्त शोध समस्याको निराकरणका लागि उल्लेखित शोधप्रश्नका आधारमा प्राज्ञिक समाधान गर्न पात्रका विसङ्त जीवनको विश्लेषण गर्नु यस अध्ययनको उद्देश्य रहेको छ ।

**पूर्वकार्यको समीक्षा**

भस्मासुरको नलीहाडका सम्बन्धमा केही पूर्वकार्यहरू भएका छन् । नाटकका सम्बन्धमा विभिन्न समीक्षकहरूले चर्चा गरेको भेटिन्छ । कृष्ण शाह "यात्री" ले प्रतिनिधि नेपाली नाटक (२०६४) को सम्पादकीयमा भस्मासुरको नलीहाड नाटक विसङ्तिवादी दर्शनमा आधारित भएको उल्लेख गरेका छन् । आधुनिक नेपाली नाटक (२०६६) का लेखक तथा सम्पादक व्रतराज आचार्यका अनुसार भस्मासुरको नलीहाड नाटकभित्र सामाजिक जीवनका विसङ्गतिहरूको गहन प्रस्तुति रहेको छ । केशवप्रसाद उपाध्यायले नेपाली नाटक र नाटककार (२०६७)मा भस्मासुरको नलीहाड नाटक प्रयोगात्मक पद्धतिमा रचिएको विसङ्गतियुक्त भएको उल्लेख गरेका छन् । प्रस्तुत नाटकका सम्बन्धमा धेरै समीक्षा र विश्लेषणहरू भएका छन् । भस्मासुरको नलीहाड नाटकको अध्ययन, अध्यापनका क्रममा विसङ्गतिको केही सङ्केतमात्र भएको देखिन्छ । विसङ्तिवादी सिद्धान्तअनुसार पात्रका जीवनभोगाइको गहन अध्ययन, अनुसन्धान भएको नपाइएकाले यो लेखमा पात्रका विसङ्गत जीवनको विश्लेषण गरिएको छ ।

## शोधसामग्री तथा अध्ययन विधि

प्रस्तुत लेखमा शोधसमस्यासँग सम्बन्धित सामग्रीहरूको सङ्कलन पुस्तकालयबाट विषयगत विधिमा रहेर गरिएको छ । यो लेखमा प्राथमिक र द्वितीयक गरी दुई किसिमका सामग्रीहरूलाई प्रयोगमा ल्याइएको छ । विश्लेष्य कृति भस्मासुरको नलीहाड नाटकलाई प्राथमिक सामग्रीका रूपमा प्रयोग गरिएको छ भने उक्त नाटकसँग सम्बन्धित विभिन्न समालोचकका समालोचना र विसङ्गतिसँग सम्बन्धित पुस्तक, पत्र-पत्रिकाहरू द्वितीयक सामग्रीका रूपमा प्रयोग भएका छन् । यिनै दुईप्रकारका सामग्रीहरूको गुणात्मक पद्धतिभित्र रही लेखलाई पूर्णता दिइएको छ । यस लेखमा विसङ्गतिलाई अवधारणा बनाएर पात्रहरूको भोगाइलाई सूचक बनाइएको छ ।

**सैद्धान्तिक पर्याधार**

विसङ्गति शब्द अङ्ग्रेजीमा प्रचलित एब्सर्डिटिको नेपाली पर्याय हो । यसको शब्दार्थ विवेक शून्यता, मूर्खता र हास्यास्पद हुनु हो । सङ्गति शब्दमा 'वि' उपसर्ग लागेर विसङ्गति पदको निर्माण भएको पाइन्छ । जीवनयात्रा जटिल र अन्धकारग्रस्त बनेको अनुभूति गरिने पद वा सिद्धान्तका रूपमा परिचित छ । मानिसले

अस्तित्वविहीन भएको बोध गर्न थालेपछि विसङ्गति देखापर्दछ । यसले जीवनलाई सारविहीन तुच्छ वस्तुका रूपमा स्वीकार गर्दछ ।

विसङ्गतिवादको पृष्ठभूमि नित्सेको चिन्तनबाट तयार भएको विचार जरथुस्त (ई० १८८३) को रहेको देखिन्छ । उनका अनुसार नित्सेले ईश्वरको अस्तित्व समाप्त भएको घोषणा गरेबाटै विसङ्गतिवादले विश्व साहित्यमा प्रवेश पाएको हो । समाजमा अनैतिक व्यवहार र भ्रष्टाचार गर्न उत्प्रेरित व्यक्तिहरू सुखी र समृद्धशाली भएका छन् भने गरिब असहाय, श्रमिक, त्यागी, सदाचारी, ज्ञानीहरू दुःखी छन् । ईश्वर रहेको भए यस्तो अवस्था आउने थिएन । सामाजिक जगत्मा विभेद रहेको हुँदा अन्याय, अत्याचार, दुराचार वृद्धि भई असहायहरूले दुःख भोगिरहेको प्रसङ्गलाई लिएर ईश्वर नभएको पुष्टि गर्दै तिनको अस्तित्व समाप्त भएको घोषणा गरेको देखिन्छ ( उपाध्याय, २०५१, पृ.१०१) ।

सार्त्रले मानवजीवन विसङ्गत भए पनि आफ्ना शक्तिको प्रयोगद्वारा जीवनलाई अस्तित्वयुक्त बनाउनु पर्दछ भनेका छन् । जीवन विसङ्गत वा निस्सारताकै बिच मान्छेले आफ्ने जीवनलाई सार्थक र मूल्यवान बनाउन सक्दछ भनी विसङ्गतिलाई चिनाएका छन् । अस्तित्व बोध गर्न नसक्दा व्यक्ति जीवन निस्सार भएको अनुभव गर्दछ । यसको विकास अस्तित्ववादी चिन्तनबाटै भएको पाइन्छ । विसङ्गतिवादी चिन्तनको आरम्भ किर्केगाड (ई० १८१३-१८५५) बाट भएको देखिन्छ । उनका अनुसार जीवन सधैं सङ्गतिहीन अवस्थामा बाँचेको हुन्छ । पृथ्वीमा भएका धेरै तत्वहरू अव्यवस्थित र विसङ्गत छन्, मानिसले केही रचनात्मक कार्य गर्नलागेसँगै विसङ्गति उत्पन्न हुन्छ । व्यक्तिको स्वतन्त्र निर्णय नै अन्धकारमा प्रवेश गर्ने ढोका हो र त्यसैबाट विसङ्गतिको जन्म हुन्छ (अनलाइन विकिपेडिया, २०२३, ११, १०) । अल्वर्ट कामुलेचाहिँ विसङ्गतिवादको स्थापनासहित व्याख्या गरेका छन् । उनका अनुसार जीवन अर्थरहित भएको अनुभव भोगाइका क्रममा हुने गर्दछ । यसको उत्पत्ति कुनै कार्य र त्यसलाई कमजोर बनाउने तत्वका बिचको सम्बन्धबाट हुन्छ । सिर्जना र विनाशको प्रतिद्वन्द्वितामा विसङ्गति रहेको हुन्छ ( शर्मा र लुइटेल, २०६३, पृ.३४८) । मार्लक्सका अनुसार ईश्वरमात्र होइन मनुष्य पनि मरिसकेको हुँदा शून्यमा निरुपाय बनेर एक्लिएको छ । उनले विसङ्गतिलाई एउटा समुदायको मात्र नभएर युरोप भरिकै रोग मानेका छन् ( उपाध्याय, २०५१, पृ.१०१) । आज मानिस संसारभर नै एक्लो भएर निस्सार जीवन बाँचिरहेको पाइन्छ ।

सामाजिक मानवीय सङ्गतिसूत्रको क्रम भङ्गताका सन्दर्भमा मानसिक र बौद्धिक दुर्बलता-प्रबलताका द्वन्द्वात्मक अनुभूतिबाटै विसङ्तिको दर्शन प्रतिपादन हुन पुग्यो । अस्तित्ववादीहरू विसङ्गतिवादका माझबाट अस्तित्व खोज्ने प्रयत्न गर्दछन् । विसङ्तिवादीहरू अस्तित्वमा पनि विसङ्गतिको स्वरूप देख्ने गर्दछन् । उनीहरू विसङ्गतिलाई दार्शनिक रूपमा अँगालेर पनि चित्त नबुझ्दा कविता, नाटकजस्ता साहित्यिक विधाका संरचना, शिल्प, भाषा, शैलीमा विसङ्गतिको प्रयोग गर्दछन् (त्रिपाठी, २०४९, पृ.१०५) । पाश्चात्य जगत्मा प्रथम विश्वयुद्ध कालको नाजी सर्वसत्तावादको सन्त्रास द्वितीय विश्वयुद्धोत्तरकाल (सन् १९३९-४५) सम्म कायमै थियो । सामुदायिक विनाश र परमाणु बमबट हुने सर्व संहारको भय रहेको अवस्थाबाटै विसङ्गतिवादले विश्वसाहित्यमा विकसित हुने अवसर प्राप्त गऱ्यो (उपाध्याय, २०६७, पृ.३२) । युद्धको त्रसका कारण मनभित्रको आतङ्क र अनिष्ट उत्पन्न भइरहँदा विसङ्गति बोध यथावत् रहन्छ ।

विसङ्गतिवादमा मृत्युको सन्त्रासलाई सर्वोपरि स्थानमा राखिन्छ र त्यो सन्त्रास प्रत्येक मान्छेमा अन्तर्निहित हुन्छ । अझ भन्ने हो भने विसङ्गत नाट्य मञ्चको इतिहास काफ्काको प्रसिद्ध उपन्यास **द ट्रायल**को नाट्य रूपान्तरणबाट भयो । यसको आन्द्रेजिद र ज्याँ लुइ बरोद्वारा (१९४९ अक्टोबर १०मा ) भएको प्रथम प्रदर्शनबाट प्रारम्भ भएको मानिन्छ । यसको केही वर्षपछि वेकेट इयानेस्को र एडामोभका विसङ्गत नाटक लेखन र

मञ्चन हुन थालेदेखि विसङ्गतिवाद सशक्त भएको देखिन्छ (त्रिपाठी, २०४९, पृ.१०२) । विसङ्गतिवादी चिन्तन नाट्यसाहित्य हुँदै उपन्यास, कथा, कवितामा प्रवेश भएको पाइन्छ । जीवनजगत् नै विसङ्गत छ भन्ने विचारलाई मुख्य रूपमा स्विकारेर आएको चिन्तनलाई विसङ्गति भनिन्छ । यो इसाको बिसौं शताब्दीमा साहित्य, कलाका क्षेत्रमा देखापरेको आन्दोलन वा अभियानका रूपमा आएको छ (जोशी, २०६६, पृ.१०४) । विसङ्गतिवादी नाटकका विवेचक विलियम आइ ओलिभर विशृङ्खल र प्रतीकात्मक जीवनमा व्यक्तिको मानसिक, बौद्धिक अभिव्यक्ति अवरुद्ध भएको बोध गर्दछन् । उनका अनुसार विसङ्गत कला भविष्यको प्रौढ परिपक्व नभइ समकालीन ठिटौले प्रवृत्ति ठान्दछन् । विसङ्गति बोधोत्तर जीवन निस्क्रिय नभइ अझ सक्रिय हुने कुरामा विश्वास गर्दछन् । विसङ्गत जीवनलाई बुझेर सचेत र सजग  हुनुपर्दछ । ओलिभरले साहित्य, कला रुग्ण र दुर्बोध्य नै हुनुपर्दछ भन्ने कुरालाई अस्वीकार गरेको देखिन्छ (त्रिपाठी, २०४९, पृ.११२) ।  उनी विसङ्तिवादको व्याख्या गर्दा विसङ्गतिले जीवनलाई अन्धकार र निरस तुल्याउने नभई अझ मूल्यवान् बनाउने कुरामा विश्वास गर्दछन् । उनका अनुसार "हामी जन्मन नचाही जन्मन्छौं र मर्न नखोजी मर्दछौं, हामी शरीर र विवेक अन्तर्गत जन्म र मृत्युका बीच छौं-त्यसैले हाम्रो अस्तित्व विसङ्गत छ ।" (पृ.१०६) । विसङ्तिले जन्मपूर्व र मृत्यु पश्चात् जीवनबोधको अभाव देख्दछ । लक्ष र प्राप्तिबिच असङ्ख्य असङ्गतिको शून्यताबोधबाट विसङ्गति जन्मिएको देखिन्छ । जीवनको पूर्णता नभइ वस्तुको सानो तथ्यमात्रै अपूर्ण रूपमा बोध हुन्छ । जीवनको जटिलता बोध परिभाषित गर्न मानव असमर्थ भएको हुँदा सङ्गतिहीनताले शिर ठाडो पारेको विचार विसङ्तिवादीहरूमा रहेको भेटिन्छ (शर्मा, २०४४, पृ.४५) । जीवन अस्तित्वरहित भएकाले सधैं अन्धकारको घेराभित्र बाँचिरहेको हुन्छ ।

यसरी विसङ्गतिवादले जीवनमा देखापरेका अभाव अपर्याप्तता वा सङ्तिहीनतालाई चित्रण गर्दछ । जीवनको अन्धकार र कमजोर पक्षलाई देखाएर भावनालाई निरुत्साहित तुल्याउनुमात्र नभइ अझ क्रियाशील बनाएर सशक्त रूपले अग्र गतिमा लाग्न प्रेरित गर्दछ । केही विसङ्तिवादीहरू निस्सार जीवनचित्रण गर्नमै अभिप्रेरित रहेका हुन्छन् ।

## परिणाम तथा छलफल

प्रस्तुत नाटकको शीर्षक नै विसङ्ति बोध गराउने खालको छ । श्रीमद्भागवत् महापुराणको अठासी अध्यायमा वृकासुर नामको दैत्य आफू अधिक अस्तित्वशाली बन्नका लागि शिवको आराधना गर्दछ । ऊ वरदान पाएपछि शिवलाई नै भस्म गरेर कैलाशको अधिपति बन्ने कुरा सोच्दछ । दैत्यले शिवका शिरमा हात राख्न अघि बढ्दै गर्दा विष्णु मोहिनी रूपमा प्रकट हुन्छन् । ऊ विष्णुको रूपप्रति आकर्षित बन्दा आफैं भस्म भएको प्रसङ्ग रहेको छ । यही पौराणिक कथावस्तुमा भस्मासुरको नलीहाड नाटक आधारित छ । पुराणमा वरदान प्राप्त दैत्यले शिवलाई नै आतङ्कित बनाएजस्तै वर्तमानकालमा पनि जमिन खन्दा प्राप्त भएको नलीहाडले सबैलाई आतङ्कित बनाएको छ । सर्वसाधारण मानिसहरू आतङ्कितमात्र भएका छैनन् । समुज्ज्वल भविष्यको चाहना राखेर अघि बढ्न खोज्दा मृत्युवरण गर्न बाध्य भएका पात्रहरूको निम्नानुसार विश्लेषण गरिएको छ ।

### विनय

विनय कार्यालयमा हाकिमको डर मान्दै काम गर्न लागेपछि सुरु भएको नाटक रङ्गमञ्चमा विनय र प्रीतिको शरीर लडिरहेको अवस्थासम्म विस्तार भएको छ । शून्य र रित्तो अवस्थाको अँध्यारो बनेको देखाइनुले जीवन यसरी नै अन्धकारमा विलीन भएर सकिन्छ भन्ने कुरामा केन्द्रित रहेको देखिन्छ । विनय कार्यालयमा राम्रो काम गरेर पनि आजसम्म जीवन केही नपाएर खोक्रो र सङ्गतिहीन भएको ठान्दछ । ऊ मानिस कमजोर र तुच्छ भएको ठान्दै भन्दछ -"यो मान्छे भनेको त क्या दुःखी र बेकम्मा जात हुँदो रहेछ ...पैसा हैकमवालको हो । हैकम

पैसावालको हो । हाम्रोचाहिँ यो आँखा हो - दुनियाँ हेर्नलाई, देश हेर्नलाई, देश हेर्दै शेष भएको आफू हेर्नलाई...।" (गौतम, २०६४, पृ.१९९) संसारमा इमान इज्जत सिद्धिएको हुँदा कार्यालयमा पनि तलब नदिएर बेइमानी गरिन्छ । सत्तामा रहनेहरूले सामान्य मानिसप्रति बेइमानी गर्ने छुट पाएका छन् । नाटकमा विनय आफूलाई कमजोर बनाएको सोच्दै हाकिमलाई यमराजका रूपमा हेर्दछ । जिएमले सधैँ आफूलाई आर्थिक सुविधाका सट्टा गालिमात्र दिने गर्दछ । उसलाई इमान्दार भएर काम गर्दा पनि दुःखमात्र पाइने कुराले सताएको छ । विनय परिश्रमपूर्वक काम गरे पनि केही आर्थिक लाभ नहुने देख्दछ । एक महिनाको तलब आउँदा डेढ महिनाको ऋणभार थपिएको हुन्छ । श्रीमतीले विनयलाई अभावका कारण गाली गरेर दुखित तुल्याएकी छ । ऊ भन्छ- "स्वास्नीले समेत धम्की दिन थालिसकी । उसको जीवन बरबाद पार्ने मै हुँ भन्छे ।" (पृ.२००) यहाँ सबैबाट अपहेलित र तिरस्कृत बनेको विसङ्गति बोध गर्दछ । सबै मानिस स्वार्थका लागि इज्जत रहित चोरका रूपमा परिचित विसङ्गत जीवन बाँचेका छन् ।

विनय आफू पनि भोककै कारण दुःख पाएको हुँदा माग्न जाने स्थानको अभावमा बाँचेको उल्लेख गर्दछ । सानेका साथमा भएको नलीहाड लिएर हेर्दै भित्र खोक्रो भएको हुँदा त्यो अस्तित्वहीन भएको ठान्दछ । ऊ सानेको भोक मेटाएर नलीहाडका माध्यमबाट सबैलाई नियन्त्रण गरी शक्तिसम्पन्न बन्ने चाहना राख्दछ । उसले त्यसैका माध्यमबाट जिएमलाई अस्तित्वहीन बनाउने सोच राखेको देखिन्छ ।

हजारौँ वर्षपछि पनि नलीहाड अस्तित्वमा रहँदैन कि ! भन्ने आशङ्का रहेको छ भन्दै विनय आफूलाई शक्तिसम्पन्न भएको ठान्दछ । ऊ आफ्नो अवस्था परिवर्तन गरेर विसङ्गत जीवनलाई अस्तित्वपूर्ण बनाउने सोचमा रहेको देखिन्छ । विनय आफ्नो भावना यसरी व्यक्त गर्दछ- "अब यो अफिस, यो देश र यो दुदियाँलाई बदल्नु पर्दछ , दुनियाँमा धेरै अन्याय र शोषण छ । म यो नलीहाडले सब ठिक पारिदिन्छु - सारा भेदभाव । म हिटलर र जारभन्दा बलियो हुन्छु-तर तिनीहरू ढल्नेचाहिँ होइन ।"(पृ.२०३) ऊ नलीहाड प्राप्त गरेपछि कार्यालय नगइ शक्तिशाली बनेको सोच्दछ । हातमा नलीहाड लिएर अघि बढ्दै गएर सानेमाथि प्रयोग गर्न खोज्दछ । उसले सानेमा रहेको सुखशान्तिको आशा समाप्त गरेर आफू शक्तिसम्पन्न भएको देखाउने उद्देश्य राखेको छ । विनय सानेका नजिक गएर नलीहाडले शिर स्पर्श गर्ने कार्य पूरा गरी शक्ति देखाउँछ । मानवीय निस्सारता, व्यर्थता र विवशतालाई समाप्त गरेर शक्तिसम्पन्न भएको बोध गर्नु अस्तित्ववादको लक्ष हो (त्रिपाठी, २०४९, पृ.११७) । यहाँ विनय आफू कार्यालयमा जिएम हुनका लागि सङ्घर्षरत रहेको छ । सबैलाई आफ्नो कार्यकक्षमा बोलाएर जिएम भएको घोषणा गर्दै आफू अस्तित्वमा आएको बोध गर्दछ । कार्यालयमा आउनासाथ विनय नातावादमा रुमल्लिएर आफन्तहरूलाई प्रवेश गराएर सन्तुष्ट बनेको देखिन्छ । उसले जीवनमा धेरै दुःख गरेको हुँदा आफन्त सबैको जीवनलाई परिवर्तन गर्ने उद्देश्य राखेको छ ।

कार्यालयको हित चिताउने मान्छे पनि शक्तिमा पुगेपछि अन्याय-अत्याचारको प्रतीक बनेर देखापर्दछ । अरूको जीवनलाई अस्तित्व ठान्नेहरू पनि पछि सङ्कटमा पर्दछन् । शक्तिमा आसीन व्यक्तिहरू सधैँ मानसिक पीडाजन्य सङ्कटको घेराभित्र रहेका हुन्छन् । विनय आफू समस्याग्रस्त बन्दै गएको कुरा यसरी व्यक्त गर्दछ -"नलीहाड हुन्जेल म खतरैभित्र हुन्छु । आफ्नो सुरक्षा गर्न भनेको कति कठिन हुँदो रे छ ! यसलाई प्राप्त गर्न सबै ज्यानै फाल्न तयार छन् । यसलाई चोर्ने प्रयत्न पनि भयो, खोस्ने प्रयास पनि गरियो । हुनसक्छ एकदिन ज्यानै लिएर भए पनि यो खोसियोस्" (गौतम, २०६४, पृ.२१४) । सत्ता प्राप्त गर्नु भनेको मानसिक पीडा बोक्नु हो । सत्तामा रहेका व्यक्तिहरू अस्तित्वसँगै विसङ्गति बोध गर्दछन् । समाजमा सत्ताको मोह भएका मानिसहरू जीवन

समस्याग्रस्त भए पनि त्यसलाई कहिल्यै परित्याग गर्न चाहँदैनन् भन्ने कुरा विनयले नलीहाडलाई आफ्ना नाडीमा राखेबाट स्पष्ट भएको छ ।

सत्ता प्राप्त गर्न जस्तोसुकै प्रयास पनि गरिन्छ । सत्तासीन व्यक्ति आफू सधैं सत्तामा रहिरहन चाहन्छ भने सत्ता प्राप्तिका निम्ति अनेक प्रयास गरिन्छ । यहाँ विनयलाई अस्तित्वहीन बनाउनका लागि प्रीतिको प्रेमजालमा पार्ने षड्यन्त्र भएको छ । सत्ताका निम्ति विनयको विरोध गरेर अस्तित्वहीन बनाउन उसका विरोधीहरूद्वारा रकम दिएर प्रीतीलाई विनयसँग पठाइन्छ । उनीहरू कोठामा गफ गर्दै बसेका अवस्थामा नलीहाडयुक्त हात झुक्याएर विनयका शिरमा राख्न लगाउने प्रयास गरिन्छ । विनय नलीहाड साथमा भएपछि आवश्यकताहरू पूर्ण भएको ठान्दछ । कुनै ताप दुःख, एक्लोपन सबै समाप्त भएकाले ऊ निश्चिन्त रहेको देखिन्छ । उसलाई झुक्याएर केश स्पर्श गर्न लगाउँदा भुलवस हात शिरमा पुऱ्याउन खोजे पनि सतर्क बन्दछ । कसैले झुक्याएर शिरमा हात लगिदिन खोज्दा ऊ सजग बनेको देखिन्छ । ऊ आफूलाई प्रथम भस्मासुर नभएर वर्तमान युगको सचेत नागरिक ठान्दछ । विनय नलीहाड आफूसँग रहँदासम्म मृत्युवरण गर्नुपर्ला भन्ने सन्त्रासद्वारा सताइएको छ । सबै मानिस जीवनलाई सङ्कटावस्थामा पुऱ्याएर भए पनि शक्ति प्राप्तिका लागि जीवन अर्पण गर्न तयार भएका हुँदा सन्त्रास सिर्जना भएको पाइन्छ । विनयले आफ्नो जीवन विसङ्गत नभएर अस्तित्वशाली भएको बोध गर्दछ ।

प्रीति धनको मोहमा परेर विनयको जीवनलीला समाप्त गर्न आए पनि परिणाम उल्टो भएको छ । मानिसले आफूलाई जति अस्तित्वशाली सोच्यो त्यति नै विसङ्गत अवस्थामा पुग्दछ । विनयले झुक्याएर प्रीतिका शिरमा नलीहाड स्पर्श गरी आफू सुरक्षित भएको छ । उसले आफूलाई सक्तिसम्पन्न देखाउन सबैलाई त्रसित गराएको छ । अरूलाई शक्तिहीन बनाएर आफू सत्तामा बसिरहन चाहने विनयप्रति सबै पात्र मिलेर पक्रन खोज्दा आफैँ शक्तिहीन बनेको देखिन्छ । मानिस आफूलाई अस्तित्वशाली ठान्दछ तर उद्देश्यहीन पीडायुक्त अवस्थामा विसङ्गत बन्दछ (शर्मा र लुइँटेल, २०६३, पृ.३४८) यस साक्षका आधारमा हेर्दा विनय नलीहाडका सहारामा जिएम भएर अस्तित्वयुक्त भएको ठाने पनि उसको जीवन प्राणहीन भएर ढलेको छ । जीवन सधैं सन्तुष्ट र सुखीमात्र नभएर विसङ्गत अवस्थामा पुगेर सिद्धिने कुरा विनयको जीवनबाट स्पष्ट हुन्छ ।

**साने**

प्रस्तुत नटकमा साने दोस्रो विसङ्गत पात्रका रूपमा रहेको छ । ऊ पेटको समस्याबाट मुक्त हुन हिँडेको देखिन्छ । जीवनमा आयव्यय केही नभएको अभावग्रस्त साने हेर्दै निराश र विसङ्गत जीवन बाचेको छ । ऊ कमाइ नभएकाले खर्च गर्ने क्षमताको अभावमा परेको छ । भोकको समस्याबाट मुक्त हुने आशामा विनयको कार्यालयमा पुगेको छ । साने पेट भर्ने चाहनामा बाँचेको देखिन्छ । ऊ भोकको समस्याले सताइएको छ । आफ्नो समस्या विनयले बेवास्ता गरेपछि भन्छ-" दुनियाँको सबभन्दा क्रूर वास्तविकता पेटै रित्तिनु हैन हजुर ?" गौतम, २०६४, पृ.२०१) । रित्तो पेट भएर बाँच्नु पर्दाको पीडा ज्यादै जटिल हुने गर्दछ । रित्तो पेटको समस्याबाट मुक्त हुन नलीहाडको सहारा लिन खोजेको देखिन्छ । मालिकको खेत खन्दा भेटेको वस्तुबाट बाख्राको शिर स्पर्श गर्दा प्राणहीन भएकाले त्यो भष्मासुरकै नलीहाड भएको कुरा पुष्टि हुन्छ । ऊ सफाइ दिँदै भन्छ- "त्यहीँ नजिकै एउटा बाख्रो चरिराख्याथ्यो । संयोगले त्यसका टाउकामा यो छ्वास्स छोइएछ । त्यो बाख्रो ता खुत्रुक्कै भो हजुर ...मान्छे जाबो ता झन् किन नहुनु ? र हजुर यसलाई अन्याय गर्नेमाथि हिर्काउने भएमात्रै म दिन्छु, हैन भने त...।" (पृ.२०१) नलीहाडले जनावरलाई नै समाप्त गर्दछ भने मानिस पनि सजिलै अस्तित्वहीन बन्न पुग्दछ । सबैको चाहना जीवनमा केही गरौंला भन्ने हुन्छ, त्यस्तो अवस्थाका मानिसको हत्या गर्नु हुन्न भन्ने उसको मानव प्रेम रहेको

देखिन्छ । साने सबै मानिसलाई माया-स्नेह गरी उसका अस्तित्वको संरक्षण गर्नु मानवीय कर्तव्य हो भन्ने कुरामा विश्वस्त बनेको छ । ऊ अन्याय, अत्याचार गर्ने व्यक्तिप्रति प्रहार गर्ने मान्छेलाई मात्र नलीहाड दिने मानवीय विचार रहेको व्यक्ति हो ।

साने पेटभरी दालभात खाएर सुखद अनुभूति गर्न चाहन्छ । ऊ विनयले खाना उपलब्ध गराउने बुझेर खुसी भएको देखिन्छ । अभावग्रस्त अवस्थामा रहेको हुँदा उसलाई अन्य वस्तुप्रतिको आकर्षण छैन । भात खाए पनि पेट अपूर्ण नै रहेको हुँदा अझै खाने चाहना राख्दछ । ऊ भोकाएको कुरा गर्दै भन्छ-"मैले कमाएकोले चाहिँ मलाई आधा पेट मात्र पुग्ने होला । यति भनेपछि हजुरलाई मैले के कति कारणले नलीहाड दिएँ भनेर भन्नै पर्दैन...हजुर यो आधा पेटले मलाई मर्न दिँदैन, फेरि यै आधा पेटले मलाई बाँच्न धौ धौ पर्दछ ।" (पृ.२०४) यस साक्षका अनुसार वर्तमान युगको मानिस कमाएको रकमले पेटभरी खान नपाएर मर्नु नबाँच्नुको दोसाँधमा छटपटाएको छ । सुखी जीवनको चाहना राखे पनि मानिस अनेक समस्याद्वारा पीडित बनेको छ । सानेका अनुसार ऊ मानसिक घाउको समस्याले सताइएको छ । आजको जीवन घाइते अवस्थामा रहेको हुँदा सधैँ पीडाग्रस्त बन्न पुगेको छ । सानेमाथि विनयले नलीहाड परीक्षण गर्ने प्रयास गरेपछि रक्षक नै भक्षक हुन्छन् भन्ने देखिन्छ । जसबाट प्राणको रक्षा हुन्छ भन्ने आशा राख्यो त्यही नै अन्याय-अत्याचारमा संलग्न हुन्छ । साने बाँच्ने आशा राखेर परिवारको सुरक्षा गर्न चाहन्छ । आफू रित्तो पेट भर्ने आशामा जीवन समाप्त गर्नुभन्दा बरु भोकै बाँच्ने विचार गर्दै भन्छ- "म बरु त्यै आधा पेट पनि खान्न । मेरा स्वास्नी छोराछोरी मर्दछन् हजुर जनी गर्नुस् नाइँ ... मैमाथि आघात-"(पृ.२०४-०५) । ऊ विनयले नलीहाड प्रयोग गर्नखोज्दा त्रसित बनेको छ । यहाँ नलीहाड आतङ्कको प्रतीक बनेको देखेर सबै पात्रहरू भयभीत बनेका छन् । मृत्युको सन्त्रास विसङ्गतिवादमा सर्वोपरि रहन्छ । त्रासको स्थिति सबै मानिसमा रहन्छ भन्ने देखाउनु यसको मूल उद्देश्य हो । मान्छे जीवन र मृत्युका बिचमा एक्लो, निरूपाय र अर्थहीन भएर बाँच्न बाध्य छ (उपाध्याय, २०५२, पृ.१८३) । सामान्य व्यक्तिप्रति कठोर बनेर मानवताहीन कार्य गर्ने प्रयास गरिन्छ । साने विनयबाट डराउँदै भागेर बाँच्न खोज्दाखोज्दै शिरमा नलीहाड छोइएपछि पीडा सहन नसकी ढलेर मृत्युवरण गर्न पुग्दछ । यसरी बाँच्न चाहँदा पनि अत्याचारीहरूका स्वार्थमा परेर मृत्युवरण गर्न आजको मानव बाध्य भएको छ । यो निरीह जीवनमा यो गरौँला, त्यो गरौँला भन्नुमा कुनै अर्थ छैन भन्ने धारणाको साने जीवन विसङ्गत रहेको ठान्दछ । मानिस जुनसुकै समयमा पनि गतिहीन हुनपुग्दछ ।

**प्रीति**

प्रस्तुत नाटकमा प्रीति मुख्य नारी पात्रका रूपमा रहेकी छ । ऊ आफ्नो सुन्दर रूप प्रदर्शनद्वारा धन कमाउने अभिलाषामा रहेकी देखिन्छे । ऊ सम्पत्तिका माध्यमबाट सुखी जीवन बाँच्न चाहे पनि सोचेभन्दा भिन्न अवस्थामा मृत्युवरण गर्न पुगेकी छ । विनयले नलीहाडका माध्यमबाट सबै पात्रहरूलाई आतङ्कित बनाएको छ । सानेजस्तै मृत्युवरण गर्नुपला भन्ने भयद्वारा त्रसित पात्रहरूले बाँच्ने आशामा प्रीतिलाई प्रयोग गर्न खोजेका छन् । ऊ आफू नारी भएका कारण पुरुषहरूका तुलनामा कमजोर भएको बोध गर्ने नेपाली नारीहरूको प्रतिनिधिका रूपमा रहेकी छ । नलीहाडद्वारा आतङ्कित पात्रहरूद्वारा विनयलाई मोहजालमा पारी निस्तेज बनाउन सम्पत्ति दिई प्रीतिको प्रयोग गरिएको छ । ऊ पच्चीस हजार पाउने आशामा उत्साहित भएर खुसी हुँदै भन्छे -"म अहिल्यै गैहाल्छु सर । मलाई अलिकति एडभान्स र हजुरहरूको आशीर्वाद मिल्ला कि ?" (पृ.२१६) प्रीति सम्पत्तिको आशामा उत्साहित भएकी छ । ऊ विनयको कोठामा गएर प्रणय सम्बन्ध जोड्ने अवस्थामा देखिएकी छ । उसले विनयको शिरमा नलीहाडयुक्त हात स्पर्श गराइ आफ्नो लक्ष पूरा गर्ने दृढतासाथ गएर विनयलाई झुक्याउने प्रयास गरेकी छ ।

प्रेम गरेको अभिनय गर्दै स्पर्श गर्न लागेबाट विनय आनन्दित बनेको देखिन्छ । प्रीतिले बार बजे आफू कार्य सम्पन्न गर्ने भनेर समय तोकेकी छ । उक्त समय आएपछि आफ्नो कार्य सम्पन्न गर्न लाग्दा ऊ आफैँ त्रसित भएकी देखिन्छे । विनयको नलीहाडयुक्त हात उसकै शिरमा पुऱ्याएर काम सिध्याएपछि आफूलाई रकम प्राप्त हुने आशामा ढुक्क देखिन्छे । मनमा सुखानुभूति गर्दै तोकिएको रकमबाट आफ्ना अनेक समस्या पूर्ति गर्ने कुराबाट उत्तेजित देखिएकी छ । यसै समयमा सोचाइ विपरीत परिणाम आएपछि भययुक्त अवस्थामा पुगेकी छ । स्वार्थका कारण अर्कालाई सिध्याउन खोज्दा आफैँ समाप्त हुने अवस्था आउन लागेको बुझ्रेर त्रसित बनेकी छ । अस्तित्ववादले जीवनजगत्लाई अर्थहीन छ भन्ने कुरा स्विकार्दछ । मानिसका सम्पूर्ण चाहनाहरू अस्तित्वहीन बन्दछन् । विसङ्गत साहित्यअन्तर्गत आएका नाटक, कथा आदि विधाभित्र अस्तित्वद्वारा सिर्जित महत्त्वहीनतालाई सशक्त रूपमा चित्रण गरिएको हुन्छ । भ्रामक र अन्धकारयुक्त संसारमा मानिस विरानो भएको बोध गर्दछ ( भट्टराई, २०६२, पृ.७३) । उपयुक्त साक्षका आधारमा प्रीति जीवनलाई अस्तित्वयुक्त बनाउन चाहँदा मृत्युका सम्मुख पुगेर भन्छे- "सर मलाई एकचोटिलाई क्षमा गरिदिनुस् । यतिका दिन मेरो सेवा र मायालाई सम्झेर भए पनि-मबाट ठूलो भूल भो सर क्षमा गरिदिनुस" गौतम, २०६४, पृ.२२०) उसले प्राण रक्षाका लागि गरेको बिन्ती विनय सुन्ने अवस्थामा देखिदैन । उसले आफूमाथि षड्यन्त्र भएको ठानी प्रीतिका शिरमा नलीहाड स्पर्श गरेपछि त्यसको जीवनलीला समाप्त भएको देखिन्छ । मानिस आफ्नो मनोकाङ्क्षा पूरा गरी सन्तुष्ट जीवन बाँच्न चाहे पनि विसङ्गत अवस्थामा पुग्दछ । अस्तित्वहीन जीवन अन्धकार र निस्सार अवस्थामा बाँच्ने प्रयत्न गरिरहेको हुन्छ ।

## निष्कर्ष

प्रस्तुत नाटक पौराणिक आख्यानलाई आधार बनाएर रचिएको छ । भस्मासुरले शिवको आराधना गरेर वरदान पाएपछि शिवलाई नै भस्म गर्न खोज्दा आफैँ समाप्त भएका प्रसङ्गको सामाजिक रूपान्तरण भएको छ । अर्कालाई कमजोर बनाउन आफू शक्तिशाली बन्न खोज्दा आफैँ विनाश भएको देखिन्छ । ध्रुवचन्द्र गौतमको यो भस्मासुरको नलीहाड नाटक विसङ्गतियुक्त जीवनचित्रणमा केन्द्रित रहेको छ ।

नाटकमा विनय, साने, प्रीति आदि पात्रहरूले समुज्ज्वल भविष्यको खोजी गरे पनि पूरा हुन सक्दैन । अभाव र आतङ्कबाट मुक्त हुन खोज्दा जीवन विसङ्गत बन्न पुगेको छ । सरकारी कार्यालयमा कार्यरत विनय आर्थिक समस्याको पीडा भोगेर बाँचेको देखिन्छ । ऊ जीवनमा दुःखसँग जति काम गरे पनि अभावबाट मुक्त हुन नसकेको र मासिक आयभन्दा धेरै व्यय हुने अवस्थाले सताएको छ । सानेबाट भस्मासुरको नलीहाड पाएपछि उसले आफू शक्तिशाली भएको बोध गर्दै सानेलाइँ नै समाप्त गर्दछ । नलीहाड साथमा भएपछि स्वघोषित जिएम भई कार्यालयमा आतङ्क सिर्जना गरेर सबैलाई त्रसित तुल्याएको छ । उसले आफ्नो शक्ति अक्षुण्य राख्न नलीहाड नारीमा सर्जरीद्वारा सुरक्षित गरेको छ । विनयको व्यवहारबाट त्रसित बनेका कर्मचारीहरूद्वारा उसलाई समाप्त गर्न प्रीतिलाई रकम दिएर विनयलाई प्रणयजालमा पारी समाप्त गर्न पठाइन्छ । प्रीति रकमबाट सुखद भविष्यको कल्पना गर्दै उत्साहित बने पनि  परिस्थिति विपरीत भएर मृत्युवरण गर्न बाध्य हुन्छे । नलीहाडका माध्यमबाट हत्या भएपछि अन्य पात्रहरू अझ आतङ्कित बनेर सबैले विनयलाई लखेट्दै गर्दा पछारिएर मृत्यु हुन्छ ।

यसरी पेटभरि खान नपाएका र अभावमा बाँचेका पात्रहरू सम्पन्न र सुखद भविष्यको कल्पना गर्दै आशावादी बनेका अवस्थामा समाप्त भएका छन् । यहाँका पात्रहरूका माध्यमबाट उज्यालो भविष्यको कल्पना गरे पनि जीवन अन्धकारयुक्त र विसङ्गत अवस्थामा समाप्त हुन्छ भन्ने देखाइएको छ । सम्पन्न बन्ने आशा कहिल्यै पूर्ण हुन सक्दैन र सधैँ निराश अवस्था रहन्छ ।

## सन्दर्भसामग्री


उपाध्याय, केशवप्रसाद. (२०५१), विसङ्गत नाट्यधाराः थिएटर अफ एब्सर्ड, *प्रज्ञा,* व.२५, पूर्णाङ्क.८१, पृ.१००-१०८ ।

उपाध्याय, बेशवप्रसाद (२०५२), *नाटक र रङ्गमञ्च,* रुमु प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०६७), *नेपाली नाटक र नाटककार,* (दो.सं.). साझा प्रकाशन ।

गौतम, ध्रुवचन्द्र (२०६४), भस्मासुरको नलीहाड. *प्रतिनिधि नेपाली नाटक,* (सम्पा.), कृष्ण शाह 'यात्री' विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

जोशी, कुमारबहादुर (२०६६), *पाश्चात्य साहित्यका प्रमुखवाद.* (पाँ.सं.), साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०४९), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा.* भाग २, (तृ.सं.), साझा प्रकाशन ।

भट्टराई, गोविन्दराज (२०६२), *काव्यिक आन्दोलनको परिचय,* (दो.सं.), साझा प्रकाशन ।

शर्मा, गोपीकृष्ण (२०४४), *अवलोकन र विवेचन,* रत्नपुस्तक भण्डार ।

शर्मा, मोहनराज तथा लुइटेल, खगेन्द्र (२०६३), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.* (दो.सं.), विद्यार्थी पुस्तक भण्डार ।

शाह, कृष्ण (संपा.), (२०६४), *प्रतिनिधि नेपाली नाटक,* विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।